# <u>आर्थिक ऐन २०७६</u>

## रतुवामाई नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावनाः** रतुवामाई नगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) र धारा २३० बमोजिम रतुवामाई नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन २०७६ साल श्रावन १ गतेदेखि रतुवामाई नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **भूमि कर (मालपोत)**: नगरपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

३. **वहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (२) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४. **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवा मा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. **सवारी साधन करः** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (४) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।

६. **विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि ( ५) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

७. **मनोरन्जन करः** नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि ( ६) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

८. **बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि ( ७) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

९. **पार्किङ शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (८) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१०. **सेवा शुल्क, दस्तुरः** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि ९ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **सम्पत्ति कर** नगरपालिकाको क्षेत्रभित्र रहेको सरचनामा अनुसूचि १० बमोजिम सम्पत्ति कर असूल उपर गरिनेछ ।

१२. **सडक उपयोग सेवा शुल्क** नगरपालिकाको क्षेत्रभित्र तोकिएको सडकमा अनूसुचि ११ बमोजिम सडक सेवा शुल्क असुल उपर गरिनेछ ।

१३. **कर छुटः** दफा २ भन्दा बाहेक यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१४. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसूची १

मालपोत

| | | |
|---|---|---|
| न्युनतम १० कठ्ठा सम्म एक्मुष्ठ | १२० | |
| १० कठ्ठा भन्दा माथि १ विगाहा सम्म प्रति विगाहा | २४० | |
| १ विगाह भन्दा माथि ३ विगाहा सम्म प्रति विगाहा | २५० | |
| ३ विगाह भन्दा माथि प्रति विगाह | २६० | |

## अनुसूची २

**बहाल कर**

| सि.नं. | विषय | विवरण | आ.व. २०७६/०७७ का लागि पारित | कैफियत |
|---|---|---|---|---|
| १ | बहाल कर | घरहरुको वहाल कर | १० % | |

## अनुसूची ३

**व्यवसाय कर**

**पुजीको आधारमा:**

**(क) व्यापारीक बस्तुहरु मदिरा सगं सम्बन्धित बस्तूहरुको व्यापार व्यवसाय**

| सि.न. | विवरण | आ.व. २०७६/०७७ का लागि पारित |
|---|---|---|
| १. | १ लाख देखि ३ लाख सम्म | २०००। |
| २. | ३ लाख १ देखि १५ लाख सम्म | ३०००। |
| ३. | १५ लाख १ देखि १ करोड सम्म | ५०००। |
| ४. | १ करोड १ देखी ५ करोड सम्म | १५०००। |
| ५. | ५ करोड १ देखि माथी | ३००००। |

**(ख) क्यामेरा, टेलीभिजन, चस्मा लगायतका विद्यूतिय समाग्री (सिडी प्लेयर्स, कम्प्यूटर सामाग्री समेतका व्यवसायहरू)**

| सि.न. | विवरण | आ.व. २०७६/०७७ का लागि पारित |
|---|---|---|
| १. | ५ लाखसम्म | १०००। |
| २. | ५ लाख १ देखि २० लाख सम्म | १५००। |
| ३ | २० लाख १ देखि १ करोड सम्म | २०००। |
| ४. | १ करोड १ देखि ५ करोड सम्म | ७०००। |
| ६. | ५ करोड १ देखि माथी | १५०००। |

(ग) ट्याक्टर विक्री, कार जीप, अटोमोवाइल्स, मोटरपार्टस्, मोटरसाईकल, मिल,मेशिनरी, आदि )

| सि.न. | विवरण | आ.व. २०७६/०७७ का लागि पारित |
|---|---|---|
| १. | १ लाखसम्म | १५००। |
| २. | १ लाख १ देखि ५ लाख सम्म | २५००। |
| ३ | ५ लाख १ देखि १० लाख सम्म | ५०००। |
| ४. | १० लाख १ देखि २० लाख सम्म | ७०००। |
| ५. | २० लाख १ देखि १ करोड सम्म | १००००। |
| ६. | १ करोड १ देखि माथी | २५०००। |

(घ) किताव, कापी तथा स्टेशनरी संग सम्बन्धित व्यवसाय (औषधि पसल र किराना व्यवसाय समेतको हकमा)

| सि.न. | विवरण | आ.व. २०७६/०७७ का लागि पारित |
|---|---|---|
| १. | १ लाख सम्म | १०००। |
| २. | १ लाख १ देखि ५ लाख सम्म | १५००। |
| ३. | ५ लाख १ देखि २० लाख सम्म | २५००। |
| ४. | २० लाख १ देखि २५ लाख सम्म | ३०००। |
| ५. | २५ लाख १ देखि माथि | ४०००। |

(ङ) कृषिसंग सम्बन्धित व्यवसायको हकमा ( कृषि फार्म, गाई पालन, सूंगूर पालन, बाख्रा पालन व्यवसाय आदी । (कृषिसामाग्री, औजार, मल, विउ, गाई दाना, चोकर, कूखूरा दाना, पशूपंक्षी आहार)

| सि.न. | विवरण | आ.व. २०७६/०७७ का लागि पारित |
|---|---|---|
| १. | १ लाखसम्म | ५००। |
| २. | १ लाख देखि ३ लाख सम्म | ७००। |
| ३. | ३ लाख देखि ५ लाख सम्म | १०००। |
| ४. | ५ लाख देखि २० लाख सम्म | १५००। |
| ५. | २० लाख देखि माथी | २०००। |

(च) शिसा, फ्रेमिङ, कार्टपेट, सजावटका सामान र जनरल गूड्स आदी

| सि.न. | विवरण | आ.व. २०७६/०७७ का लागि पारित |
|---|---|---|
| १. | १ लाखसम्म | १५००। |
| २. | १ लाख १ देखि ५ लाख सम्म | २०००। |
| ३. | ५ लाख १ देखि १० लाख सम्म | २५००। |
| ४. | १० लाख १ देखि २० लाख सम्म | ३०००। |
| ५. | २० लाख देखि माथी । | ४०००। |

(छ) सुति कपडा, रेडिमेड कपडा आदि व्यवसाय

| सि.न. | विवरण | आ.व. २०७६/०७७ का लागि पारित |
|---|---|---|
| १. | १ लाख देखि ३ लाख सम्म | १५००। |
| २ | ३ लाख १ देखि ५ लाख सम्म | २०००। |
| ३. | ५ लाख १ देखि १५ लाख सम्म | २५००। |
| ४. | १५ लाख देखि ३० लाख सम्म | ३०००। |
| ५. | ३० लाख १ देखि १ करोड सम्म | ४०००। |
| ६. | १ करोड देखि ५ करोड सम्म | १००००। |
| ७. | ५ करोड देखि माथि | १००००। |

**विशेषज्ञ परामर्श तथा व्यवसायिक सेवा:**

**(क) चिकित्सक, अहेव, कवीराज, होमियोपेथिक, आर्यूवेदिक, पशू डाक्टर, भेटरीनरी, सर्जिकल लगायत स्वस्थ्य संग सम्बन्धित व्यवयासहरू**

| सि.न. | विवरण | आ.व. २०७६/०७७ का लागि पारित |
|---|---|---|
| १. | एम.डी. डाक्टरलाई | ४०००। |
| २. | एम.वि.वि.एस., पशु डाक्टर | २५००। |
| ३. | पशु सहायकलाई | १०००। |
| ४. | कविराज, होमियोपेथिक, आर्यूवेदिक डाक्टर | १०००। |
| ५. | सर्जिकल सामान खूद्रालाई | १०००। |
| ६. | औषधीपसल थोकलाई | ३५००। |
| ७. | सर्जिकल सामान थोक | ३०००। |
| ८. | भिडियो एक्सरे | १५००। |
| ९. | कविराज, होमियोपेथिक, आर्युवेदिक अहेब | १५००। |
| १०. | शारिरीक व्यायाम सामाग्री विक्रि | २०००। |

**(ख) टेलि चलचित्र, बृत्तचित भिर्माण, परामर्श सेवा, अनूसन्धान तथा परामर्शदाता, अनुवादक, छापाखाना, प्रेस, स्क्रिन प्रिन्टर्स, आदि ।**

| सि.न. | विवरण | आ.व. २०७६/०७७ का लागि पारित |
|---|---|---|
| १. | १ लाख देखि ३ लाखसम्म | १५००। |
| २ | ३ लाख १ देखि ५ लाख सम्म | २०००। |
| ३. | ५ लाख १ देखि १५ लाख सम्म | २२००। |
| ४. | १५ लाख १ देखि २० लाख सम्म | २५००। |
| ५. | २० लाख १ देखि१ करोड सम्म | ३५००। |
| ६. | १ करोड देखि ५ करोड सम्म | ५०००। |
| ७. | ५ करोड १ देखि माथि | ७०००। |

(ग) केवल नेटवर्क

| सि.न. | विवरण | आ.व. २०७६/०७७ का लागि पारित |
|---|---|---|
| १. | ५०० सम्म ग्राहक भएको | १००००। |
| २. | ५०० देखि १००० सम्म ग्राहक भएको | १५०००। |
| ३. | १००० भन्दा मथि ग्राहक भएकाको हकमा | प्रति ग्राहकरु ३। |

घ) लेखापरीक्षक

| सि.न. | विवरण | आ.व. २०७६/०७७ का लागि पारित |
|---|---|---|
| १. | श्रेणी क | ३०००। |
| २. | श्रेणी ख | २५०००। |
| ३. | श्रेणी ग | २०००। |
| ४. | श्रेणी घ | १५००। |

ङ) कानुन व्यवसायी

| सि.न. | विवरण | आ.व. २०७६/०७७ का लागि पारित |
|---|---|---|
| १. | बरिष्ठ अधिवक्ता | ५०००। |
| २. | अधिवक्ता | ४०००। |
| ३. | अभिवक्ता | ३०००। |
| ४. | लेखापढी व्यवसाय | २५००। |

च) अन्य सेवाहरू वा फर्म

| सि.न. | विवरण | प्रस्तावित रकम रु. (बार्षिक) | सि.न. | विवरण | आ.व. २०७६/०७७ का लागि पारित |
|---|---|---|---|---|---|
| १. | बिमा एजेन्ट बिदेशी | १००००। | ४. | सेयर दलाल | १५०००। |
| २. | बिमा एजेन्ट स्वदेशी | ५०००। | ५. | अभिकर्ता | १०००। |
| ३. | विज्ञापन ऐजेन्सी | ५०००। | ६. | कानूनी फर्म | ५०००। |

छ) निर्माण व्यवसाय

| सि.न. | विवरण | आ.व. २०७६/०७७ का लागि पारित |
|---|---|---|
| १. | श्रेणी क | ७०००। |
| २. | श्रेणी ख | ५०००। |
| ३. | श्रेणी ग (भवन निर्माणकर्ता ठेक्केदार समेत) | ३५००। |
| ४. | श्रेणी घ | ३०००। |

ज) कूटानी पिसानी व्यवसायहरूको हकमा

| सि.न. | विवरण | आ.व. २०७६/०७७ का लागि पारित | कैफियत |
|---|---|---|---|
| १. | कुटानी तथा पिसानी मात्र | १०००। | |
| २. | कूटानी पिसानी पेलानी | १५००। | |
| ३. | कूटानी पिसानी पेलानी चियरा समेत | २५००। | |
| ४ | कुटानी पिसानी पेलानी चिउरा मसला बेसार | २७००। | |
| ५ | कूटानी पिसानी पेलानी तथा विक्रि वितरण | ४०००। | |

**झ) उत्पादनमुलक उद्योग**

क) अर्ध प्रशोधित माल वा खेर गईरहेको माल वा अन्य सामानको प्रयोग र प्रशोधन गरी मालसामान उत्पादन गर्ने व्यवसाय जस्तो: खेर गईरहेको प्लास्टीकबाट सामान निमार्ण गर्ने र फोहोरबाट मल निमार्ण गर्ने व्यवसायको हकमा व्यवसायको लगानि हेरी रु.२०००। देखि १०,०००। सम्म लिईने छ ।

**ञ) पर्यटन सेवा व्यवसाय**

**आवास लज होटेल फास्टफूड रेष्टूरा रिसोर्ट, ट्राभल्स एजेन्सी स्वमिङ पुल कन्फेन्स हल आदि**

| सि.न. | विवरण | **आ.व. २०७६/०७७ का लागि पारित** |
|---|---|---|
| १. | सानो ग्रामीण स्तरको चिया पसल वा ५० हजार सम्म लगानी भएको होटल | ५००। |
| २. | ५० हजार देखी १ लाख सम्म | ७००। |
| ३. | १ लाख देखी २ लाख सम्मको | १०००। |
| ४. | २ लाख देखी ५ लाख सम्मको | १५००। |
| ५ | ५ लाख देखी २० लाख सम्म | २५००। |
| ६ | २० लाख भन्दा बढि | ५०००। |
| ७ | रिसोर्टहरुको हकमा | थप रु ५०००। |
| ८ | ईटा भट्टाको हकमा | प्रति चिम्नि १००,००० |

**ट) संचार सेवा एफ एम समेत**

| सि.न. | विवरण | **आ.व. २०७६/०७७ का लागि पारित** |
|---|---|---|
| १. | १ लाखसम्म | १०००। |
| २. | १ लाख देखि २ लाख ५० हजार सम्म | १५००। |
| ३. | २ लाख ५० हजार भन्दा माथी | २०००। |
| ४. | एफ.एम.रेडियो प्रसारण | २५००। |

**मोवाईल टावर ठुलो रू २००००। (बार्षिक)ठूलो भन्नाले घरको छतमा राखीएका टावर र भुईमा राखीएका टावरहरूको हकमा कम्तीमा २ तल्ला सम्मको उचाई भएका टावर समेतलाई जनाउने छ । सानोको हकमा १५०००।**

**वित्तीय सेवा**

| सि.न. | विवरण | **आ.व. २०७६/०७७ का लागि पारित** |
|---|---|---|
| १. | निजी क्षेत्रद्वारा संचालित वाणिज्य वैक, विदेशी विमा कम्पनी | १०,०००। |
| २. | विकास बैंक, | ७,०००। |
| ३. | वित्तीयकम्पनीको मूख्य कार्यालय | ५,०००। |
| ४. | विमा कम्पनी र मनि ट्रान्सफर | ५०००। |
| ५ | १ करोड सम्म कारोवार (वासालत) भएका सहकारी | ३०००। |
| ६ | १ करोड देखी ३ करोड सम्म (वासालत) भएका सहकारी | ४०००। |
| ७ | ३ करोड देखी ५ करोड सम्म (वासालत) भएका सहकारी | ६०००। |
| ८ | ५ करोड भन्दा माथि (वासालत) भएका सहकारी | ८०००। |

**नोट: बचत तथा ऋणको कारोवार नगरी पूर्णतया कृषिमा आधारीत सहकारीका हकमा बार्षिक शुल्क लिईने छैन । माथि उल्लेखित सहकारीहरुको सम्बन्धमा कुनै सिफारीस गर्नु पर्ने भएमा प्रति सिफारीस रु १०००।लाग्नेछ ।**

## स्वास्थ्य सेवा

## गौद्ध सरकारी अस्पताल, नर्सिंह होम, क्लिनिक तथा ल्यावहरु लगायत स्वास्थ्य सेवासंग सम्बन्धित व्यवसायहरु

| सि.न. | विवरण | आ.व. २०७६/०७७ का लागि पारित |
|---|---|---|
| १. | ५ लाख सम्मको लागि | ३०००। |
| २. | ५ लाख देखि २० लाख सम्म | ६०००। |
| ३. | २० लाख देखि १ करोड सम्म | ३०००। |
| ४. | १ करोड देखि ५ करोड सम्म | ४०००। |
| ५. | ५ करोड देखि माथी | ५०००। |

## तालिम तथा प्रशिक्षण केन्द्रहरू

| सि.न. | विवरण | आ.व. २०७६/०७७ का लागि पारित |
|---|---|---|
| १. | तालिम तथा अनुसन्धान, कम्प्युटर टाईपिङ, लगायत फोटो कपी समेत संचालन भई काम गर्ने हरुको हकमा, कम्प्युटर तथा भाषा प्रशिक्षण, निजी क्षेत्र वाट दिइने शिक्षा सेवा तथा कोचिङ सेन्टर | ३०००। |
| २ | ड्राईभिङ सेन्टर ( सवारी प्रशिक्षण केन्द्र ) | ५०००। |

## मर्मत सेवा

| सि.न. | विवरण | आ.व. २०७६/०७७ का लागि पारित |
|---|---|---|
| १. | टेक्टर, बस, ट्रक,हेवी इक्युवमेन्ट, कार, जीप, सवारी डेन्टिङ्ग मोटरपार्टस, मिलमेशीनरी, एयरकुलर, टायर रिसोलिङ्ग, डाईनामाईट | ३०००। |
| २ | मोटरसाईकल | २५००। |
| ३ | रेडियो घडि टिभी आदि ईलेकक्ट्रोनिक्स सामान | २०००। |
| ३ | ग्याससचुल्हो सेल्स,, गाडीको पम्प, टायरटयुव पम्चर, ग्यास वल्डिङ्ग, वक्सा मर्मत गर्ने ,साइकल, रिक्सा, , लुगा सिउने मेशिन अन्य फोटोकपी, व्याग | १५००। |

## अन्य सेवा

| सि.न. | विवरण | आ.व. २०७६/०७७ का लागि पारित |
|---|---|---|
| १. | वैदेशिक रोजगारीमा पठाउने संस्थाहाउजिङ कम्पनी | २५००। |
| २. | उद्योग, संघसस्था आदिमा स्वदेशको लागि जनशक्ति सप्लाई गर्ने | २५००। |
| ३. | कलर ल्याव | १०००। |
| ४. | घरजग्गा खरिद विक्री | १५००। |
| ५. | विज्ञापन सेवा, फोटो स्टूडियो | २०००। |
| ६. | व्यूटी पार्लर, केश श्रृगार, साईनवोर्ड, पेन्टिङ सैलुन, नर्सरी | १,०००। |
| ७. | मासु (खसी, कुखुरा, रागा, बंगुर आदि) खुद्रा विक्रेता | १,०००। |
| ८. | मासु (खसी, कुखुरा, रागा, बंगुर आदि) थोक विक्रेता | १,५००। |
| ९. | पंचेवाजा | निशुल्क |
| १०. | वैण्ड वाजा | १५००। |
| ११. | सितभण्डार | ५,०००। |
| १२. | टेण्ड हाउस | ३,०००। |
| १३. | हाफ क्याटरीङ | २,०००। |
| १४. | साईवर क्याफे | १५००। |

| | | |
|---|---|---|
| १५. | एग्रोभेट | १०००। |
| १६. | कवाडी पसल थोक | ७,०००। |
| १७. | कवाडी पसल खुद्रा | ५,०००। |
| १८. | ढुवानी सेवा शाखा भएका | ३५००। |
| १९. | ढुवानी सेवा शाखा नभएको | २५००। |
| २०. | खाना मात्र विकी होटल | १५००। |
| २१. | सेटरीङ व्यवसाय | २५००। |
| २२. | १ मेसिन राखी कपडा सिलाई गर्ने रु ३,००। | थप १ मेसिन बराबर रु १०० |
| २३. | खाद्यान्न सम्बन्धि कांटा व्यवसाय | १५००। |
| २४. | पेट्रोलियम पदार्थ बेच्ने पम्प | २०००० एक्मुष्ठ |
| २५. | ग्यास विकी डिलर | १५००। |
| २६. | भाडा वर्तन, जुत्ताचप्पल, कस्मेटिक, मनिहारी, हेल्थ केयर, कृतिम गहना, फेन्सी समेत खुद्रा विकेता र थोक विकेता | १५००। |
| २७. | डिपार्टमेन्ट स्टोर रेष्टुरेन्ट बेकरी सहितको | १५०००। |
| | डिपार्टमेन्ट स्टोर | १०,०००। |
| २८. | सुनचादी पसल | ५०००। |

**उद्योग:**

**उद्योग र प्राली भनी दर्ता हुन आउने सबै प्रकारका व्यवसायहरुको हकमा ।**

| सि.न. | विवरण | **आ.व. २०७६/०७७ का लागि पारित** |
|---|---|---|
| १. | ३ लाख सम्म | २०००। |
| २. | ३ लाख १ देखी ५ लाख सम्म | २५००। |
| ३. | ५ लाख १ देखी १० लाख सम्म | ३०००। |
| ४. | १० लाख १ देखी २० लाख सम्म | ३५००। |
| ५. | २० लाख १ देखि १ करोड सम्म | ७०००। |
| ६. | १ करोड १ देखि ५ करोड सम्म | ३०,०००। |
| ७ | ५ करोड देखि माथी | ५०,०००। |

**ग्रिल उद्योग**

| सि.न. | विवरण | **आ.व. २०७६/०७७ का लागि पारित** |
|---|---|---|
| १. | १ लाख देखि २ लाख सम्म | १५००। |
| २. | २ लाख १ देखि ३ लाख सम्म | २०००। |
| ३. | ३ लाख १ देखि ५ लाख सम्म | २५००। |
| ४. | ५ लाख १ देखि १० लाख सम्म | ३०००। |
| ५. | १० लाख १ देखि २० लाख सम्म | ३५००। |
| ६. | २० लाख १ देखि माथी | ४०००। |

नोट : उल्लेखीत व्यवसायको हकमा अन्य निकायलाई गरीने सिफारीस बापतको दस्तुर थप लाग्ने छ । उल्लेखित सिफारीस बापतको दस्तुर तोकिए बमोजिम हुने छ ।

**अन्य वर्गीकरण नखुलेका व्यवसाय**

| **सि.न.** | **विवरण** | **आ.व. २०७६/०७७ का लागि पारित** |
|---|---|---|
| १. | आलु प्याज, हरियो तरकारी, फलफूल थोक विकी | १०००। |
| २. | खुद्रा तरकारी, फलफुल, पानपसल | ७००। |

**नोट:**

१ माथी उल्लेखित किसिम, उपरोक्त शिर्षकमा नपरेको व्यवसाय र उद्योग दर्ता हुन आएमा, व्यवसाय र उद्योगको किसिम हेरी माथीको कर दरमा नघट्नेगरी वार्षिक कर लिई व्यवसाय प्रमाणपत्र दिईने छ ।

२ नगरपालिकामा दर्ता भई संचालनमा आएका फर्म, पसल, उद्योग आदि लाई बन्द गर्नुपर्दा आवश्यकतानुसार निरिक्षणगरी विगत वर्षको लाग्ने दस्तुर र जरिवाना समेत असुल गरी व्यवसाय बन्द सिफारीस दिईनेछ । र सोको विवरण छुट्टै फायल खडा गरी अध्यावधिक गरी राखिने छ ।

३. व्यवसायिक फर्म नामसारी गर्दा रु १०००। राजश्व लिई नामसारी गरीने छ ।

४. नगरपालिकालाई आवश्यक परेमा (व्यवसायको किसीम निर्धारण गर्ने सन्दर्भमा) निजको व्यवसायको कारोवारको आन्तरिक राजश्व कार्यालय वा अन्त:शुल्क कार्यालय वाट कारोवार प्रमाणीत विवरण माग गर्न सकिने छ साथै नगरपालिकाले तोकेको कर्मचारीबाट निरीक्षण गरी निरीक्षण प्रतिवेदनका आधारमा कर तय गरीनेछ ।

५. नगरपालिकालाई बुझाउनु पर्ने कर, शुल्क र भाडा आदि जस्ता राजस्व बुझाउन वांकी रहेमा न.पा.बाट प्रदान गरिने सिफारिस लगायतका सेवा प्रवाह वाट बञ्चित गर्न सकिनेछ ।

६. अन्य वांकी करहरुका हकमा ऐन तथा नियमावलीमा तोकिएको परीधिभित्र रही तोके बमोजिम हुनेछ, जुन सामान्यतया कारोवारको स्तर हेरी वार्षिक रु. १०० देखि ५०००। सम्म हुनेछ । बक्यौता व्यवसाय करमा १० प्रतिशत दण्ड जरीवाना तोकिएको छ ।

## अनुसूची ४

### सवारी दर्ता तथा बार्षिक सवारी कर

| सि.न. | विषय | विवरण | आ.व. २०७६/०७७ का लागि पारित | कैफियत |
|---|---|---|---|---|
| १ | | रिक्सा, अटो रिक्सा र ई-रिक्सा | १०००। | |

## अनुसूची ५

### विज्ञापन कर

| सि न. | विवरण | आ.व. २०७६/०७७ का लागि पारित |
|---|---|---|
| १ | होडिंग वोर्ड मूल पक्की सडक प्रति वर्ग फिट | ७० |
| २ | होडिंग वोर्ड मूल सडकका शाखा पक्की सडक प्रति वर्ग फिट | ५० |
| ३ | होडिंग वोर्ड साखा रोड प्रति वर्ग फिट | ३० |
| ४ | फ्ल्यास वोर्ड मूल पक्की सडक प्रति वर्ग फिट | ८० |
| ५ | फ्ल्यास वोर्ड शाखा रोडमा प्रति वर्ग फिट नगर क्षेत्र भित्र | ६० |
| ६ | भित्तेलेखन प्रति वर्ग फिट | २० |
| ७ | पोल वोर्ड प्रतिगोटा | ६० |
| ८ | माथि उल्लेखित प्रकरण बाहेकका हकमा प्रति वर्ग फिट | २० |

**अन्य विषयहरु**

| | |
|---|---|
| १ | व्यानर प्रति २ हप्ता रु ५००। मात्र, सडक क्रस गरेर व्यानर राख्न पाईने छैन । |
| २ | व्यानर व्यापारीक प्रति गोटा रु.१०० मात्र (दुई हप्ताकालागि) |
| ३ | गेट राख्न न.पा.को स्वीकृति लिएर मात्र प्रति हप्ता रु.१०००। |
| ४ | न.पा.ले स्वीकृति दिई र सम्झौता गरेकामा लिन पाईने छैन । |
| ५ | न.पा.को स्वीकृत लिई नपाले उल्लेखित क्षेत्रमा मात्र लिन पाईने छ, अन्य क्षेत्रमा लिन न.पा.को स्वीकृति लिई उठाउन पाईने छ । |
| ६ | प्रचार प्रसार रिक्साबाट माईकिंग प्रतिदिन रु २००। मात्र राजनैतिक दल र सार्वजानिक सुचनामा लिन पाइने छैन । |
| ७ | वियर, मदिरा, चूरोट तथा सुर्तिजन्य पर्दाथको विज्ञापनलाई निजि तथा सार्वजानिक स्थलमा राख्न स्वीकृती दिइने छैन । |
| ८ | राजनैतिक, धार्मिक र सामाजिक व्यानर ३ हप्तासम्म नि:शुल्क राख्न दिने । |
| ९ | समुदाय भेला हुने स्थान जस्तै जिल्ला प्रशासन कार्यालय, अदालत, जि.स.स., न.पा., अगाडि न.पा.ले तोके बमोजिमका आकार प्रकारका होर्डिंग राख्नु पर्ने छ |

## अनुसूची ६

### मनोरञ्जन कर

१.नगरपालिका क्षेत्र भित्र संचालित सिनेमा हलहरु वाट प्रत्येक टिकटमा लाग्ने प्रवेश शुल्कको ५ प्रतिशत हुने रकम मनोरञ्जन कर बापत असुल गर्न सकिने छ ।

२.सांकृतिक प्रदर्शन हल, नाच घर, दोहोरी संगीत तथा अन्य मनोरञ्जन सामाग्रि प्रदर्शनिमा प्रवेश शुल्कमा ५ प्रतिशत मनोरञ्जन कर लाग्नेछ ।

३.मनोरञ्जन करका लागि एकमुष्ठ रकम तोकिएको मनोरञ्जन(जादु, सकर्श, चटक र मेला आयोजना स्थलमा) कर वापत अनुमतिका लागि गरीने सिफारीसका दस्तुरका अतिरीक्त प्रत्येक दिन प्रति मनोरञ्जन साधन रु ५००। लिईने छ ।

## अनुसूची ७

बहाल विटौरी कर

**दैनिक गुद्रि/हाटबजार/साप्ताहिक हाटबजारमा लगायत अन्य बहाल बिटौरी कर**

नगर क्षेत्र भित्र लाग्ने दैनिक गुद्रि/हाटबजार/साप्ताहीक हाटबजारमा (अस्थायी हाट बजार र घुम्ति पसल) प्रतिदिन देहायका दरले कर लाग्नेछ ।

| सि न. | बिषय | विवरण | आ.व. २०७६/०७७ का लागि पारित |
|---|---|---|---|
| १ | माछा, मासु विक्रि सम्बन्धि | खसि बोका काटि विक्री गर्ने पसलमा प्रति गोटा | ५०। |
| | | सुगुर बंगुर काटी बिक्रि गर्ने पसलमा प्रति गोटा | ५०। |
| | | राँगा काटि काटी बिक्रि गर्ने पसलमा प्रति गोटा | १००। |
| | | माछा विक्रि गर्ने पसल | २५। |
| २ | कपडा तथा जुत्ता चप्पलसँग सम्बन्धि व्यवसायमा | रेडिमेट सामान र थान कपडा विक्रि गर्ने पसलमा | ५०। |
| | | जुत्ता चप्पल विक्रि गर्ने पसल ठूलो | २५। |
| | | जुत्ता चप्पल विक्रि गर्ने पसल सानो | २०। |
| | | जुत्ता चप्पल सिलाई गर्ने मोची | १०। |
| ३ | तरकारी तथा फलफूलसँग सम्बन्धित व्यवसायमा | फलफूल, नास्ता ठेलामा राखि विक्री गर्ने | २५। |
| | | साग सब्जी डोकामा वा डालामा ल्याई बेच्ने | १०। |
| | | भारमा सव्जी ल्याई बेच्ने | १५। |
| | | सिजन अनुसारको साग सव्जी आलु पसल ठूलोमा | २५। |
| | | सिजन अनुसारको साग सव्जी आलु पसल सानोमा | २०। |
| | | फलफुल सागसव्जी प्रति बयलगाडा | २५। |
| | | फलफूल सागसव्जी प्रतिवोरा र अन्य साना फलफूल पसलमा | १०। |
| ४ | खाद्यान्नसँग सम्बन्धित | चामल, दाल, अदुवा, लसुन, खोर्सानी आदि विक्रि गर्ने पसल | २०। |
| | | किराना पसल | २०। |
| | | माछा मासु तरकारी विक्रि गर्ने | ५०। |
| ५ | परम्परागत सिप सँग सम्बन्धित व्यवसाय | माटाका भाँडा बेच्ने पसल ठूलो | २५। |
| | | माटाका भाँडा बेच्ने पसल सानो | २०। |
| | | कूचो, कुनीया नांलो बेच्ने | २५। |
| | | जडिबुटी विक्रि गर्ने कपाल काट्नेलाई | २५। |
| ६ | बसोबास तथा उपभोग सम्बन्धित | **नगर क्षेत्रका ऐलानी, पर्ति तथा सार्वजनिक जग्गामा बसोवास तथा उपभोग गरे वापत तोकिए बमोजिको कर उठाईने छ ।** | |

\

**नगरपालिका क्षेत्रभित्रमा आफुले निर्माण रेखदेख वा सञ्चालन गरेको हाट वजार र सार्वजनिक स्थल, एलानी जग्गा वा सार्वजनिक जग्गामा अस्थायी पसल, घर वा अन्य जुनसुकै प्रकारका व्यवसाय लगायतमा वहाल विटौरी कर असुल गरिनेछ।**

| सि.न. | विवरण | वडा नं. | **आ.व. २०७५/०७६ का लागि पारित वार्षिक** |
|---|---|---|---|
| १. | ऐलानी वा सार्वजनीक जग्गामा व्यवसाय गरे वापत | ६, ७, ८, ९ र १० | प्रति वर्ग फिट रु १.५० |
| २. | ऐलानी वा सार्वजनीक जग्गामा व्यवसाय गरे वापत | १, २, ३, ४ र ५ | प्रति वर्ग फिट रु १ |
| ३. | ऐलानी वा सार्वजनीक जग्गामा खेती गरे वापत | सवै वडा | प्रति कठ्ठा रु ३० |
| ५. | ऐलानी वा सार्वजनीक जग्गामा वाटो छेउ घर टहरा वनाई वसेमा | ६, ७, ८, ९ र १० वजार क्षेत्र<br>६, ७, ८, ९ र १० अन्य क्षेत्र | प्रति धूर रु २५<br>प्रति धूर रु २० |
| ६. | ऐलानी वा सार्वजनीक जग्गामा वाटो छेउ घर टहरा वनाई वसेमा | १, २, ३, ४ र ५ वजार क्षेत्र<br>१, २, ३, ४ र ५ अन्य क्षेत्र | प्रति धूर रु १५<br>प्रति धूर रु १० |

| **सि न.** | **बिषय** | **विवरण** | **आ.व. २०७६/०७७ का लागि पारित** | **कैफियत** |
|---|---|---|---|---|
| १ | पशुपंक्षी विक्रि सँग सम्बन्धित | जिउँदो खसि, बोका, राँगा, सुँगुर बेच्नेलाई प्रतिगोटा | १००। | एउटा मात्र हाँस, परेवा, कुखुरा बेच्नेलाई कर नलाग्ने |
| | | हाँस, परेवा, कुखुरा बेच्नेलाई | २०। | |
| २ | अन्य व्यवसायसँग सम्बन्धित कर | चुरा, धागो, टीका सृंगार मनिहारी सँग सम्बन्धित | २०। | |
| | | प्रचार, प्रसार गरी व्यवसाय गर्ने | २५। | |
| | | बाँस प्रतिबयल गाडा | ५०। | |
| | | बाँस प्रति ट्रक | ५००। | |
| | | खटियामा सामान राखी बेच्ने | १५। | |
| | | फलामको औजार तथा सामान बेच्ने | २०। | |
| | | भाँडाकुडा पसल | २५। | |
| | | फोटो फ्रेमिङ्ग | १५। | |
| | | मर्मत (कुकर, लाईट, छाता आदी) | २०। | |

नोटः माथि नपरेको व्यवसायको हकमा नगरपालिकाले निर्णय गरी रु १०। देखि रु १००। सम्म लिन सक्नेछ ।

## अनूसुची ८
## पार्किङ शूल्क

### सवारी पार्किङ्ग

**स्वदेशी सवारी साधनमा नगरपालिकाले लगाउने पार्किड.शुल्कः**

क. बस,ट्रक,लरी अन्य हेभी गाडी रु.२०
ख. माईक्रो,कार अन्य साना गाडी रु.१५
ग. विदेशी बस,ट्रक,लरी अन्य हेभी गाडी रु.५०
घ. विदेशी माईक्रो,कार अन्य साना गाडी रु.४०
ङ. ठेला,रिक्सा,रिक्सा भ्यान पटके रु ५
च. मोटरसाइकल रु ५।

**सवारी पार्किङ स्थान नगरपालिकाले तोके बमोजिम हुनेछ ।**

## अनूसुची ९
## दस्तूर तथा सेवा शूल्क

**क) सिफारीसहरुको हकमा:**

| सि. नं. | विषय | विवरण | आ.व. २०७६/०७७ का लागि पारित | कैफियत |
|---|---|---|---|---|
| १ | घर र जग्गा सम्बन्धि सिफारीस | मोही नामसारी तथा मोही बाँडफाँड सिफारीस | ३००। | एक कठ्ठा भन्दा माथि प्रति कठ्ठा थप रु. १००। |
| | | जग्गा नामसारी सिफारीस | ३००। एकमुष्ठ | |
| | | मोही लगत कट्टा सिफारीस | ४००। | एक कठ्ठा भन्दा माथि प्रति कठ्ठा थप रु. ७०। |
| | | अपुताली सिफारीस दस्तुर | १५००। | एक कठ्ठा भन्दा माथि प्रति कठ्ठा थप रु. २००। |
| | | चार किल्ला सिफारीस | न्युनतम ३००। अधिकतम ५०० | थप प्रतिकठ्ठा रु ३० एक कठ्ठा भन्दा माथि |
| | | निवेदन दस्तुर | १०। | |
| | | पक्की घर प्रमाणीत | ५००। | |
| | | कच्ची घर प्रमाणीत | १००। | |
| | | बसोवास प्रमाणीत | ३००। | |
| | | व्यवसायिक घर कोठा खोल्ने | ५००। | |
| | | आवासिय घर कोठा खोल्ने , घर नामसारी | २००। | |
| | | हकभोग तथा जोतभोग तथा छुट दर्ता सिफारीस | ५००। | एक कठ्ठा भन्दा बढिका लागी प्रति कठ्ठा रु ३००। |
| | | उद्योग सम्बन्धि घरमा आगलागि | ३००। | वीमा प्रयोजनका लागि, अन्यका लागि निशुल्क |
| | | साना घरेलु उद्योगमा आगलागि सिफारीस | ३००। | वीमा प्रयोजनका लागि, अन्यका लागि निशुल्क |
| | | मझौला उद्योगमा आगलागि सिफारीस | ४००। | वीमा प्रयोजनका लागि, अन्यका लागि निशुल्क |
| | | ठूला उद्योगमा आगलागि सिफारीस | ५००। | वीमा प्रयोजनका लागि, अन्यका लागि निशुल्क |
| | | सर्वसाधारणको घर टहरामा आगलागि सिफारीस | निशुल्क | |
| | | नक्सा पास किताव दस्तुर | ५००। | |
| | | संघसंस्थाको बैक खाता खोल्दा | १००। | |
| | | रिक्सा ठेलाको ब्लु बुक दस्तुर | १००। | |
| | | नाम, उमेर थर लगायत संसोधन | ३००। | |
| | | व्यवसाय प्रमाण पत्र दस्तुर | ३००। | नगरपालिका घोषणा हुनु पुर्व देखि बक्यौता हुने र नगरपालिकाले जारी गरेको प्रमाणपत्र नलिनेको हकमा रु. ५००। |
| | | पक्की घर कायम सिफारीस वा घर निमार्णधिन रहेको सिफारीस | प्रतिवर्गफूट रू १ | |
| | | टिनको छाना भएको कच्की घर कायम सिफारीस | २००। | जति क्षेत्रफल भए पनि |
| | | कच्ची घर सिफारीस | १००। | |
| | | तिनपुस्ते खुल्ने सिफारीस | ३००। | |
| २ | **नागरीकता सँग सम्बन्धित सिफारीस** | नागरीकता प्रमाणपत्र सिफारीस | २५०। | |
| | | नागरीकता सर्जिमिन | ५००। | |
| | | अन्य जिल्लाको नागरीकता सिफारीस | २५०। | |
| | | अंगीकृत नागरीकता | ५००। | |
| | | बैवाहीक अंगीकृत नागरकिता सिफारीस | २५०। | |
| | | विवाह प्रमाणीत | १००। | उल्लेखित सिफारीसमा सर्जिमिन गर्न |

| | | | | |
|---|---|---|---|---|
| ३ | **पंजिकरण सँग सम्बन्धि प्रमाणीत सिफारीस** | जन्म प्रमाणीत | १००। | परेमा प्रति सर्जमिन रु ५००। थप दस्तुर लाग्ने छ । |
| | | मृत्यु प्रमाणीत | १००। | |
| | | बसाईसराई प्रमाणीत | १००। | |
| ४ | व्यक्तिसँग सम्बन्धित सिफारीस | चारीत्रिक एवम् सूचीकृत वर्ग सिफारीस स्थायी बसोवास भएका लागी | ३००। | उल्लेखित सिफारीसमा सर्जमिन गर्न परेमा सो को दस्तुर पुन लाग्ने छ । |
| | | चारीत्रिक एवम् सूचीकृत वर्ग सिफारीस नपा मा स्थायी बसोवास नभएको हकमा | ५००। | |
| | | नेपाली पेन्सन पट्ट बहाकका लागि गरेको जुनसुकै सिफारीस | २५०। | |
| | | भारतिय पेन्सन बहाकका लागि जुनसुकै सिफारीस | ३००। | |
| | | अन्य देशका पेन्सन बहाकको हकमा | ५००। | |
| | | कृषि संग सम्बधित सिफारीसको हकमा बोरीङ गर्न समेत | १००। | |
| | | बैदेशीक रोजगारीमा मृत्यु हुनेको सिफारीस | निशुल्क | |
| | | व्यवसाय बन्द सिफारीस | ३००। | सर्जमिन अनिवार्य |
| | | पसल कोठामा आगजनी भएको | निशुल्क | |
| | | नाता प्रमाणीत नेपालीमा | ३००। | |
| | | नाता प्रमाणीत अग्रेजीमा | ५००। | |
| | | सबै प्रकारका अंग्रेजी सिफारीस | ५००। | |
| | | नम्बरी जग्गाको रुख काट्ने सिफारीस | ३००। | १ भन्दा बढी रुख भए प्रति रु.१००। |
| | | सहुलीयत काठको सिफारीस | २००।<br>विपद्को निशूल्क | दाउराको प्रयोजन भए प्रति ट्याक्टर रु १५००। |
| | | अन्य साधारण सिफारीस | २००। | विपद, जोखिममा परेका तथा असाध्य रोगी तथा निशुल्क उपचार तोकिएका निशुल्क सिफारिस गरिने छ । |
| | | विद्युत सिफारीस | २००। | |

नोट: साविक गाविस बाट नक्सा प्रमाणीत लिएकाहरूका हकमा नक्सा पास प्रक्रियामा आउंदा उल्लेखीत नक्सा पुन प्रमाणीत गर्नु पर्ने भएमा रू ५००। लाग्नेछ ।

**ख) अमिन बाट गरीने सबै प्रकारका सिफारीसहरु**

| सि.नं. | विषय | विवरण | आ.व. २०७६/०७७ का लागि पारित | कैफियत |
|---|---|---|---|---|
| १ | माग निवेदको आधारमा जग्ग छुट्याउने काम | १ विघा सम्म | ५००। | |
| | | १ विघा देखि माथी | ८००। | |
| २ | दुरी प्रमाणीत लगायतका अन्य अमिन संग जोडिएका सिफारीसहरु | बैकिङ प्रयोजनका लागी । | २५०। | |
| | | सर्बसाधारण संग जोडीएका सिफारीस | २००। | |
| | | किचलो परी आएको हकमा | १०००। | |
| | | माथि उल्लेखीत बाहेकको हकमा | ५००। | |

ग) उद्योग लगायतका सिफारीसहरू

| सि.नं. | विषय | विवरण | आ.व. २०७६/०७७ का लागि पारित | कैफियत |
|---|---|---|---|---|
| १ | उद्योग दर्ता सिफारीस | चाउचाउ उद्योग | १५००। | |
| | | विष्कुट उद्योग | १५००। | |
| | | चप्पल उद्योग | २०००। | |
| | | सलाई उद्योग | २०००। | |
| | | प्लाई उद्योग | ३०००। | |
| | | सस उद्योग | ३०००। | |
| | | कपडा उद्योग | १०००। | |
| | | बरफ उद्योग | १०००। | |
| | | कन्फेसनरी उद्योग | २०००। | |
| | | काष्ठ उद्योग | २०००। | |
| | | स मिल सहितको काष्ठ उद्योग | ३०००। | |
| | | फर्निचर मात्र | २०००। | |
| | | ग्यारेज | मोटरसाइकल १५००। साइकल ५०० गाडी ३००० | |
| | | दुई चक्का सवारीको हकमा | ३०००। | सवारी प्ररिक्षण केन्। |
| | | ठुला सवारीको हकमा | ५०००। | |
| | | पेट्रोल पम्प | २००००। | |
| | | मट्टितेल डिलर | ५०००। | |
| | | स्टेशनरी उद्योग | २०००। | |
| | | डिस्टीलरी उद्योग | १००००। | |
| | | हल्का पेय पदार्थ | ५०००। | |
| | | प्लाष्टीक उद्योग | ५०००। | |
| | | पाउरोटी केक | १५००। | |
| | | | | |
| **सि.नं.** | **विषय** | **विवरण** | आ.व. २०७६/०७७ का लागि पारित | **कैफियत** |
| १ | | ग्रील उद्योग | ३५००। | |
| | | गलैचा उद्योग | ५०००। | |
| | | गामेन्ट उद्योग | ३५०० | |
| | | भूजीया मिल | ३०००। | |
| | | ईटा उद्योग आधूनीक भट्टा जडित | १५०००। | |
| | | ईटा तथा टायल | १००००। | |

| | | | | |
|---|---|---|---|---|
| | | आधूनीक यन्त्र जडान नगरीएको | | |
| | | पशु आहार | १०००। | |
| | | तामा आल्मुनीयम जस्ता धातू उद्योग | ५०००। | |
| | उद्योग दर्ता सिफारीस | प्रेश बाहेक प्रन्टीङ | २५००। | |
| | | जूस उद्योग | १०००। | |
| | | चुरोट विडी | १००००। | |
| | | बेतबांस फर्निचर | ५००। | |
| | | लूव्रिकेन्ट उद्योग | १००००। | |
| | | माथि उल्लेख नगरीएका उद्योगहरुको हकमा | ६००। देखि ५००००। सम्म | |

(घ) **निजी शिक्षण संस्था दर्ता एवम् अन्य कामका लागि सिफारीस**
**(शिक्षा सम्बन्धि सम्पुर्ण अधिकार नगरपालिकाले अभ्यास गर्न थाले पछि स्वीकृतिको लागी तल उल्लेखित दर नै लागू हूनेछ ।**

| सि.नं. | विषय विवरण | आ.व. २०७६/०७७ का लागि पारित | कैफियत |
|---|---|---|---|
| १ | पुर्व प्राथमिक | ७०००। | |
| २ | आधारभूत तह (१ देखि ८ कक्षा सम्म) | १००००। | |
| ३ | माध्यमिक ( ९ देखि १२ सम्म ) | २५०००। | |
| ६ | क्याम्पस | ३००००। | |
| ७ | प्राविधिक शिक्षण संस्था | २५०००। | |
| ८ | स्तर बृद्धी सिफारीस | १०००। | प्रति विषय |

**निजी शिक्षण संस्थाले तिर्नूपर्ने वार्षिक कर :**

| सि.नं. | विषय विवरण | आ.व. २०७६/०७७ का लागि पारित | कैफियत |
|---|---|---|---|
| १ | पुर्व प्राथमिक | ५०००। | |
| २ | ८ कक्षा | ६०००। | |
| ३ | १० कक्षा | ८०००। | |
| ४ | १० + २ | १०००० | |
| ५ | क्याम्पस | १५०००। | |
| ६ | प्राविधिक शिक्षण संस्था | १५०००। | |

**(ङ) घरबाटो प्रमाणीत (अंशवण्डा, हकछोड्ने (सरकारी प्रयोजनका लागि मात्र) परिवार भित्र नामसारी, बकस, दाईजोआदिको हकमा)**

| सि.नं. | विवरण | आ.व. २०७६/०७७ का लागि पारित | कैफियत |
|---|---|---|---|
| १ | १ धुर देखि १० कठ्ठा सम्मको | २५०। | |
| ६ | १० कठ्ठा देखि ३ विघा सम्मको | ५००। | |
| ८ | ३ विघा देखि  माथी | १०००। | |

**च) घरनक्सा बनाउने ईन्जिनियरीङ कन्सलटेन्सी**

| सि.नं. | विवरण | आ.व. २०७६/०७७ का लागि पारित | कैफियत |
|---|---|---|---|
| १ | व्यवसाय दर्ता/नवीकरण शुल्क | १०,०००। | |

**छ) घरबाटो प्रमाणीत (राजिनामा/विक्री प्रयोजनका लागि)**

| सि.नं. | विषय विवरण | आ.व. २०७६/०७७ का लागि पारित | कैफियत |
|---|---|---|---|
| १ | घर वाटो सिफारिस न्युनतम रु | २५०। | घरवाटो सिफारिस गर्दा माग निवेदनको आधारमा जग्गाको क्षेत्रफल छुट्याई सोहि वमोजिम राजश्व संकलन गरी सिफारिस गर्न सकिने छ । |
| २ | मुल पक्की सडकसँग जोडिएका जग्गाहरुको हकमा प्रतिकठ्ठा | ४००। | |
| ३ | मुल पक्की सडक दायाबाया १ किमी सम्म र अन्य पक्कि सडकहरु प्रति कट्टा रु | २५०। | |
| ४ | ग्राभेल सडकले छोएको प्रति कठ्ठा | २००। | |
| ५ | शाखा सडक प्लटिङ जग्गाहरु प्रति कट्टा रु | ३००। | |
| ६ | खेतियोग्य जमिन प्रतिकठ्ठा | ५०। | |
| ७ | कच्चि सडकले छुने प्रति कठ्ठा | १००। | |

गुठी जग्गाको विक्री प्रयोजनका लागि गरीने सिफारिसमा न्यूनतम रू १५० प्रतिकठ्ठा घर भए प्रतिकोठा रू १००। र उल्लेखित घरको घरनक्सा पास अनिवार्य गरेको हुनुपर्नेछ ।

**(ज) घरनक्सा पास दस्तुर**

| सि.नं. | विषय | विवरण | आ.व. २०७६/०७७ का लागि पारित | कैफियत |
|---|---|---|---|---|
| १ | घर नक्सा पास दस्तुर | १००० बर्गफूट सम्म नक्सा पास गर्दा प्रतिवर्गफूट | ३.०। | * सरकारी भवन, मठमन्दिर, सार्वजानिक महत्वका भवनको नक्सा पास गर्दा एकमुष्ठ ५००।- लिईने छ। |
| | | १००१देखि २००० बर्गफूट सम्मको लागि प्रतिवर्गफुट | ३.५०। | |

| | | | | |
|---|---|---|---|---|
| | | २००१ देखि ४००० वर्गफुट सम्म प्रतिवर्ग फुट | ३.७५। | |
| | | ४००१ बर्गफुट भन्दा माथि जतिसुकै भएपनि | ४.०। | |
| | | पर्खाल प्रति रनिङ्ग फिट | ५। | |
| | | काठको घर वा टाँडे घर प्रति वर्ग फुट | १। | |
| | | भुँईतलामा पक्की दिवाल भइ माथि टीनको छाना भएको प्रतिवर्गफुट | १।५० | |
| २ | **घर नक्सा नामसारी दस्तुर** | प्रति बर्गफुट रू १ रूपैया ५० पैसा । | | |
| ३ | घर नक्सा निरीक्षण तथा सर्जमिन दस्तुर | | ३००। | |
| | लेआउट दस्तुर | | १००। | |
| | सार्वजनिक पूर्वाधार मर्मत दस्तुर | | २००। | |
| | थ्रिफेज लाईन जडान सिफारीस | | ५००। | |
| | खानेपानीको धारा जडान | | २००। | |
| | संस्था दर्ता । नविकरण । सिफारिस | | ५००। | सेवा मुलक वा आयकर छुट भएका सस्था रु १०० |
| | सिनेमा हल खोल्ने सिफारीस | | १०,०००। | |
| | मेला सर्कस अनूमति सिफारीस | | ५०००। | |
| | टेलीफोजन जडान सिफारीस | | २००। | |
| | रिक्सा ठेला दर्ता, नविकरण तथा नामसारी दस्तुर | | १५०। | |
| | जुनसुकै प्रकारका सरजमिन | | ३५०। | |
| | माथि उल्लेख नभएका दस्तुरको हकमा | | ५००। | ठेला, रिक्सा बाहेक |
| ४ | नक्सा पास सम्बन्धी प्रमाणपत्रको प्रतिलिपी | | ५००। | |
| | घरको नक्साको प्रतिलिपी | | ३००। | |
| | अन्य प्रमाण-पत्र | | २००। | |
| | सम्पती कर तिरेको रसिदको प्रतिलीपी | | १००। | |
| | न्यायिक समितिको निर्णयको प्रतिलिपि | | रु ५ प्रतिपाना | |
| | उजुरी दस्तुर | | रु १० | |
| | प्रतिउत्तर दस्तुर | | रु १० | |

## अन्य सेवा शुल्क

| सि.नं | विवरण | आ.व. २०७६/०७७ का लागि पारित |
|---|---|---|
| १ | अचल सम्पत्ति मुल्यांकन सेवा शुल्क | प्रति लाख रु. २५। |
| २ | आयश्रोत मूल्यांकन प्रमाणीत शुल्क | प्रतिलाख रु २५। |
| ३ | सार्वजनिक शौचालय प्रयोगमा | दिशा गरेको रु.१०। पिसाब फेरेको रु.५। |
| ४ | फोहोरमैला व्यवस्थापन सेवा शुल्क | PPP को माध्यमबाट तय भए पछि नगरपालिकाले तोके बमोजिम हुने । |
| ५ | अन्य विबिध सेवा शुल्क | सेवाको प्रकृति हेरी रु १००। देखि २०००। सम्म नगरपालिकाले तोक्न सक्ने । |

## दण्ड जरीवाना

| सि.न. | विवरण | आ.व. २०७६/०७७ का लागि पारित | कैफियत |
|---|---|---|---|
| १ | ३५ दिन भित्र दर्ता भएका व्यक्तिगत घटना | निशुल्क | |
| २ | ३५ दिन नाघि दर्ता हुने व्यक्तिगत घटना | रु. ५०। | सर्जमिन सिफारिस गर्नुपर्ने भएमा एकमुष्ठ ५००। लिने । |
| ३ | घटना दर्ताको प्रतिलिपि | रु. १०० | |
| ४ | निशेधित प्लास्टिक प्रयोग गर्नेका हकमा | १००० देखि १५००० सम्म | प्लास्टिक निशेधित क्षेत्र घोषण भए पछि कार्यान्वयन हुने र सो को सूचना स्थानीय रेडियो र पत्रपत्रिका मार्फत जानकारी गराईने छ । |
| ५ | जथाभावि चौपाया छोड्नेका हकमा | प्रतिदिन १०० देखि ५०० सम्म | गाई, भैसि, गोरुको रु ५००। जरीवाना र खाना खर्च रु २५० प्रतिदीन ।<br>बाछा बाछि र पाडापाडिको हकमा सो को पचास प्रतिशत<br>माथि उल्लेखित बाहेकका चौपायाको हकमा जरीवाना रु ३००। र खुराकी १५०। प्रतिदिन ।<br>पाठापाठि लगायतको हकमा सोको पचास प्रतिशत<br>सात दिन सम्म पनि चौपाया लिन चौपाया धनी नआएमा नगरपालिकाले लिलाम गर्ने छ । |
| १२ | मालपोतको हकमा एक बर्ष सम्मको बक्यौताका लागि | १० प्रतिशत | दोश्रो वर्षदेखि प्रत्येक वर्ष थप १० प्रतिशत जरिवाना |
| १३. | व्यवसायको बक्यौता | १० प्रतिशत | दोश्रो वर्षदेखि प्रत्येक वर्ष थप १० प्रतिशत जरिवाना |
| १४. | अन्य वक्यौताको हकमा | १० प्रतिशत | दोश्रो वर्षदेखि प्रत्येक वर्ष थप १० प्रतिशत जरिवाना |

अनूसुची १०

# *सम्पत्ति कर*

| सि.नं. | विषय | विवरण | आ.व. २०७६/०७७ का लागि पारित | कैफियत |
|---|---|---|---|---|
| १ | सम्पती कर | पक्कि घर प्रतिवर्गफूट | ०.७०। | * सरकारी भवन, मठमन्दिर, सार्वजनिक महत्वका भवनको करको एकमुष्ठ रु २०० लिईने छै। |
| | | भुँईतलामा पक्की दिवाल भइ माथि टीनको छाना भएको प्रतिवर्गफुट | वार्षिक ३०० एकमुष्ठ | |
| | | टाडे काठको घर | वार्षिक १०० एकमुष्ठ | |
| | | फुसको घर (सुकुम्वासी वाहेक) | वार्षिक ५० एकमुष्ठ | |

## अनूसुची ११

## सडक उपयोग सेवा शुल्क

उर्लावारी - आमवारी - विराटनगर सडक र हुलाकी सडक वाहेक

| सि.न. | विवरण | इकाई | प्रति ईकाई दर रु |
|---|---|---|---|
| १. | भारतिय नं. को ट्रक, ट्रिपर र डोजर, मिनिवस, मिनि ट्रक ट्रयाक्टर लगायत चार चक्के | आतेजाते एक पटक | रु ५० |
| २. | नेपाली नं. को ट्रक, ट्रिपर र डोजर, लगायत ठुला सवारी साधन | आतेजाते एक पटक | रु ३० |
| ३. | नेपाली नं. को मिनि वस, मिनि ट्रक, ट्रयाक्टर ट्रलि लगायतका सवारी साधन | आतेजाते एक पटक | रु २० |
| ४. | टेम्पो, कार, वोलेरो, जिप, ट्याक्सी आदी | आतेजाते एक पटक | रु १० |